श्री जगजीवनजी महाराजको समाधिस्थल छ। यो सुनसान घना जंगलमा आएर श्री जगजीवनजी महाराजले सथारा (अन्नजल त्यागेर स्वेच्छाले मृत्युवरण गर्नुलाई संथारा भनिन्छ।) प्राप्त गर्नुभएको थियो। संथारा ४५ दिनसम्म चलेको थियो। यसबीच ठूल्ठूला राजनेताहरु उहाँको दर्शनका लागि आउनुहुन्थ्यो र राजगृहको पवित्रतामा एउटा कडी थपिएको थियो।

यो सबै देख्नु पूर्व भारत विश्रामका लागि गयौं। त्यसपछि हसनपुरस्थित तपस्वी जगजीवनजी महाराज सरस्वती विद्यामन्दिरमा एक दिवसीय प्रवासका लागि रोक्यौं। विद्यामन्दिरको स्वस्थ वातावरण र त्यहाँका शिक्षकहरुसँग भएको वार्तालापले यस्तो लाग्यो मानौं नालन्दा विश्वविद्यालय फेरि जागृत भइरहेछ। विहार राज्यको विद्याभारतीमा सञ्चालकहरुको प्रयास थियो -यो विद्यालयमा आफ्नो देशको लागि मात्र नभएर विदेशी छात्रछात्राहरुको शिक्षा र संस्कार प्रदान गर्ने जुन काम प्रशंसनीय र अनुकरणीय छ। २२ जनवरीमा हामीले कुण्डलपुरको धर्मशालामा विश्राम गऱ्यौं। अर्को दिन विश्वविख्यात नालन्दा विश्वविद्यालयको खण्डहर अवलोकन गऱ्यौं। यो खण्डहरमा २५सय वर्षपूर्वको गौरवमय इतिहास समाहित थियो। यो आफ्नो समयको विश्वको पहिलो विश्वविद्यालय थियो। जब यो १२ औं शताब्दीमा आफ्नो चरमोत्कर्षमा थियो त्यसवेला बाहिर देशका छात्रहरु पनि ठूलो संख्यामा विद्या आर्जन गर्न यहाँ आउने गर्दथे। यहाँबाट राम्रो प्रकारको शिक्षा ग्रहण र संस्कारित भएर ज्ञानको प्रकाश फैलाउनका लागि स्वदेश जाने गर्दथे। यहाँबाट राम्रो प्रकारको शिक्षा ग्रहण र संस्कारित भएर ज्ञानको प्रकाश फैलाउनका लागि स्वदेश जाने गर्दथे। हाम्रो आन्तरिक दृष्टिले यसको अतीतकालीन गौरवलाई देख्ने र सम्झने प्रयास गऱ्यौं। यसको खण्डहरमा सम्राट कुमार गुप्तदेखि लिएर सम्राट हर्षवर्द्धनसम्मका अति दृश्यमान देखिन्थे। विदेशी आक्रमणकारीहरुको विध्वंसको नीति र कालको प्रभावले यो ठूलो ज्ञानस्थली खण्डहरुमा बदलिएको थियो। तैपनि हाम्रो लागि यो ऐतिहासिक धरोहर ठूलो प्रेरणाको स्रोत बन्न पुग्यो।

नालन्दा जिल्लाअन्तर्गत विहारशरिफ, नौत, बख्तियारपुर र फतुहा हुँदै २६ जनवरी, २००० मा हामी पटना शहर पुग्यौं । यो प्रसिद्ध एवं ऐतिहासिक ठाउँ हो । मुस्लिम शासकहरुको राजधानी यहीं थियो । हामी पटनासाहेब गुरुद्वारसँगै जोडिएको जैन मन्दिरमा विश्राम गर्‍यौं । अर्को दिन भव्य गुरुद्वार अवलोकन गर्‍यौं । यो त्यही ठाउँ थियो जहाँ खालसा पन्थका संस्थापक गुरु गोविन्द सिंहज्यूले जन्म लिनुभएको थियो । उहाँले जीवनपयन्त आफ्नो अदम्य सौर्य ज्ञान र वाणीले भारतका एक लामो कालखण्डलाई प्रभावित गर्‍यो । उनको मार्गलाई अनुसरण गरेर सिख धर्म पनि मानवसेवामा समर्पित भयो । गुरुद्वारको भव्यता, पवित्रता र शान्त वातावरणबाट हामी प्रभावित भयौं । २८ जनवरीमा हामी जैन स्थानक (पटना) पुग्यौं । त्यहाँ हामी एक सप्ताहसम्म रह्यौं । यहीँबाट हामीले विद्याभारतीको सहयोगबाट आफ्नो नेपाल यात्राको व्यवस्था गर्‍यौं । क्षेत्रीय सचिव हिमांशु वर्माले संस्थाको क्रियाकलापबारे जानकारी दिनुभयो । पटनाबाट रक्सौल, वीरगन्जसम्मको यात्रासूची तयार गर्नुभयो । उहाँले पूरा बाटोमा संघका कार्यकर्ताहरुसहित सरस्वती शिशु मन्दिर र सरस्वती विद्यामन्दिरका कार्यकर्ताहरुलाई हाम्रो यात्राको पूर्वजानकारी दिनुभयो, जसबाट हाम्रो यात्रा सहज र सरल भयो । यो सहयोगको लागि हामी हिमांशुप्रति ऋणी छौं । विद्याभारतीको कार्यालयमा पहिलो फरवरीको केही समयसम्म सत्संग कार्यक्रम भयो । पटनाबाट अगाडिको यात्रा ६ फरवरीबाट शुरु भयो । गङ्गा नदीमाथि बनेको करिब सात किलोमटिर लामो पुल गान्धी सेतु तरेर हामी हाजीपुरको सरस्वती मन्दिरमा पुग्यौं । यहाँ दुई दिन बास बस्यौं । त्यहाँबाट लालगन्ज हुँदै सुप्रसिद्ध वैशाली क्षेत्रमा प्रवेश गर्‍यौं । यो प्रसिद्ध ऐतिहासिक नगरमा अहिले जैनहरुको एक घर पनि छैन । यहाँको खण्डहरु र वातावरण हेर्दा यो स्पष्ट हुन्थ्यो कि यहाँ जैन धर्मको कति बलियो प्रभाव रहेछ । प्राचीन कालमा यो गाउँ बनियागाउँ (व्यापारिक केन्द्र) नाउँबाट चिनिन्थ्यो । वैशालीका पूर्वविधायक नागेन्द्रजीसँग राती कुराकानी

हुँदा उहाँले वैशालीलाई नै भगवान् महावीरको जन्मथलो सिद्ध गर्ने प्रयास भइरहेको बताउनुभयो । वैशालीक्षेत्रको पूरा भ्रमणपछि हामीले भगवान् महावीरको जन्मभूमिको दर्शन गरेर कृतार्थ भयौं । यसको प्राचीन नाम क्षेत्रीय कुण्ड थियो । आज यो वासुकुण्डको नामबाट चिनिन्छ । त्यहाँ प्राकृतिक शोध संस्थालाई पनि देख्यौं । हामीले विश्वनाथ चौधरीको आवासमा भोज गरी त्यहाँबाट सरैघाटको लागि यात्रा सुरु गऱ्यौं ।

१४ फरवरीमा मजफ्फरपुर सरस्वती विद्यामन्दिरको प्राङ्गणमा गएर खडा भयौं । वैशालीबाट मुजफ्फरपुर यात्रामा वैशालीका अवधेशजीको सहयोग प्रशंसनीय रह्यो । मुजफ्फरपुरमा पाँच-छ स्थानकवासी गुजरात जैनीहरुका घर छन्, परन्तु यहाँ जैन मुनिहरुको विचरण नगण्य रुपमा देखिन्थ्यो । यसैले उनीहरुले हामीलाई बडो विचित्रको रुपमा हेर । लोकशिक्षा समितिको कार्यालयमा हामी गयौं, जहाँ कार्यकर्तासँग हाम्रो वार्तालाप भयो । यहाँबाट काँटी पुग्यौं, जहाँ तेरापन्थी जैनीहरुका तीन घर छन् । उनीहरुले हाम्रो राम्रोसँग सेवा गरे । हामी मोतीपुरमा सुराणाजीको घरमा बस्यौं, जहाँबाट बाढ्रचकिया, पिपराकोठी हुँदै मोतीहारी पुग्यौं, जहाँ दिगम्बर जैनीहरुका दश घर छन् । संथिया सागर शिशु मन्दिरमा रात्री विश्राम गऱ्यौं ।

## मनोरञ्जन र असहिष्णुता

हाजीपुरबाट वैशाली जाने समयमा हामीलाई एउटा मनोरञ्जनको अनुभव भयो । हामीले मौनव्रत लिएका थियौं । किनभने त्यो दिन शनिबार थियो । लालगञ्जको नजिकै चार-पाँचजना मानिसले हामीलाई देखे । हामीसँगै यात्रा गरिरहेका व्यक्तिहरु हाम्रो थोरै पछि थिए । जब हामी ती चारपाँचजना अपरिचित व्यक्तिहरुको नजिकबाट हिँड्दै थियौं उनीहरुमध्ये एउटाले मलाई सोध्यो- 'तपाईं को हुनुहुन्छ ? कहाँबाट आउनुभएको हो ? र कहाँ जाँदै हुनुहुन्छ ?' मौनव्रत भएका कारण हामीले उनको प्रश्नको उत्तर दिन सकेनौं । हामी यो सोचेर अगाडि बढ्यौं कि हामीसँग आएका व्यक्तिहरुमध्ये केहीले

उनको प्रश्नको जवाफ दिनेछन् । उनीहरुमध्ये एकले भन्यो- 'लाग्छ यसलाई हिन्दी आउँदैन र यसको भेष पनि अनौठो छ ।' उनको कुरा सुनेर हामी केही क्षणका लागि रोकियौं । किनभने हाम्रो साथी उनको नजिक आएर ती जिज्ञासुको प्रश्नको उत्तर दिउन् । जब उनीहरु नजिक आए तब मैले इशारा गर्दै उसको जिज्ञासा शान्त गरिदिन भने । ती व्यक्तिले हाम्रा साथीसँग सोधे- 'कहाँबाट आउनुभएको हो ?'

उत्तरमा केवल यतिमात्र भनियो- 'सिमडेगा ।'

त्यो अपरिचत व्यक्तिको जिज्ञासा शान्त भएन । उसले सम्भ्यो सिमडेगा कुनै भाषा हो, जसमा राहगिर बोलिरहेछ । उसले केही झर्को मानेर भन्यो- 'ए भाइ ! हिन्दी भाषामा बोल न । तपाईं यस्तो भाषामा बोल्दै हुनुहुन्छ जसको नाम पनि सुनेका छैनौं ।'

विचरा उसलाई यो पनि थाहा रहेनछ, उसको राज्यमा सिमडेगा (राँची) नाम गरेको एक ठाउँ पनि छ । पछि हाम्रो साथीले उसलाई सबै कुरा बताए । यद्यपि उक्त व्यक्तिको अज्ञानताले राम्रै मनोरञ्जन गरायो । यसबाट हामीले यो निष्कर्ष निकाल्यौं कि यो क्षेत्रमा जैन मुनिहरुको विचरण अत्यन्त कम मात्रामा हुँदोरहेछ । यसैले हाम्रो भेषभूषा उसका लागि विचित्र लाग्यो, जुन नालन्दा, वैशाली, राजगृह क्षेत्र कहिले जैन मुनि र बौद्ध भिक्षुहरुको सुप्रसिद्ध विचरण क्षेत्र रहेको थियो । यस क्षेत्रको लागि जैनमुनिहरुको भेषभूषा अनभिज्ञता हाम्रो लागि एक चिन्ताको विषय बन्न पुग्यो ।

अर्को अनुभव यो भयो- धार्मिक असहिष्णुताको सङ्केत । हामी वैशालीमा प्रवेश गर्न के लागेका थियौं बाटामा मदर टेरेसाको नाममा स्थापित एउटा स्कूल देखियो । हामीले मदर टेरेसालाई उहाँको मृत्यु हुनुभन्दा केही समय अगाडि कलकत्तामा उहाँलाई भेटेका थियौं । जिज्ञासावश हिंड्दै गर्दा स्कुलको साइनबोर्डमा लेखिएको शब्दमाथि हाम्रो ध्यान गयो । स्कुलको प्रवेशद्वार अगाडि भारतीय भेषभूषामा एक व्यक्ति देखिए । हामीलाई लाग्यो, उनी शिक्षक थिए

होलान् । जब हामीले बोर्डमा लेखिएको शब्द पढ्ने प्रयास गऱ्यौं तब उनले टिप्पणी गरे- 'भुइँमा हेरेर हिँड्ने गर्नुहोस्, खुट्टाले कुल्चिएर कीरा मर्ला ।' हामीलाई उनको यो टिप्पणी अवाञ्छित र अमर्यादित भएको लाग्यो । हामीले यो सम्झन ढिला गरेनौं कि उनको टिप्पणीको आशय के थियो ? स्पष्ट थियो कि उनी त्यस स्कूलका शिक्षक थिए र उनी जैन धर्म र जैन मुनिहरुको विषयमा राम्ररी परिचित थिए । उनलाई थाहा थियो- जैन धर्मावलम्बी, विशेष गरेर जैन साधु-सन्त अहिंसाको पालना गर्न कति सावधानी अपनाउँछ । उनले हाम्रो धर्ममाथि दुर्भावनामय कटाक्ष गरिरहेका थिए । अनायस हाम्रो मस्तिष्कमा उसको कटाक्षले यो उत्तर जन्माइरहेको थियो उनको पेटमा विदेशी पैसाको अन्न भरिएको छ र दुर्वचन बोलिरहेका छन् । तर यो उत्तर जिब्रोमा आएर पनि बाहिर मैले निकाल्न सकिन । आफ्नो वाणीमाथि संयम राखें । हाम्रो यात्रामा धार्मिक असहिष्णुताको यो अविस्मरणीय घटना थियो ।

## जन्मभूमिको सुखद स्पर्श

हाम्रो पैताला जब सुगौलीतर्फ लाग्यो त्यतिबेला यस्तो लाग्यो मातृभूमि नेपालको सुवासयुक्त, सौन्दर्य, माधुर्यले हामीलाई आफूतर्फ खिच्न लाग्यो । सुगौली नेपाली धर्तीकै अङ्ग थियो । केही वर्ष पछि यो ब्रिटिश-भारतको अङ्ग बन्यो । नेपाल र भारतका अङ्ग्रेज शासकका बीच सुगौली सन्धिका बारेमा बाल्यकालमा पढेका थियौं । हामी सुगौलीको शिशु मन्दिरमा बस्यौं । हामी आफ्नो मातृभूमिको सीमाबाट पुग्न दुई दिन मात्र बाँकी थियो । त्यो दुई दिनको यात्राको दौरानमा हामीलाई एक अभद्र संज्ञा दिइयो अर्थात् हामीलाई घुसपैठिया भनियो । थाहा भएन हामीलाई के कारणले यो संज्ञा दिइएको हो जब हामी रक्सौलको विद्यामन्दिरको विशाल प्राङ्गणमा पुग्यौं त्यहाँका कार्यकर्ता र छात्रहरुले हाम्रो भव्य स्वागत गरे । हाम्रो प्रवचन कार्यक्रममा निकै श्रोताहरुको उपस्थिति थियो । सम्पूर्ण मारवाडी समाज र मुजफ्फरपुरको लोकशिक्षा समितिको कार्यकर्ताहरुले हाम्रो भव्य विदाइ र नेपाल यात्राका लागि तयारीमा जुटे ।